# चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences
☎ 035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np


पत्र संख्या :-

चलानी नम्बर :-

मिति : २०७७।०४।०६

## न्यूनत्तम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।।।

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ वमोजिम आ.व. २०७७/०७८ मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन वरावरको न्यूनत्तम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक वेरोजगार व्यक्तिहरुले मिति **२०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७** गते सम्म आफु स्थायी बसोबास भएको सम्वन्धीत वडा कार्यालयमा वेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, बेल्टार तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

१. निवेदकको १ प्रती नागरिक्ताको प्रमाण प्रत्रको प्रतिलिपी ।
२. निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो,
३. निवेदकले आफ्नो परिवारमा बस्ने सदस्यहरुको विवरणको रुपमा नाम, नाता, जन्म मिति, पेशा, व्यवसाय तथा अन्य विवरण निवेदन फारममा उल्लेख भए बमोजिम पेश गर्नु पर्ने ।
४. निवेदकले पेश गरेको कागजातहरुमा स्थायी बसोबास खुल्ने हुनुपर्छ, नागरिकताको प्रमाण पत्र अलग जिल्ला बाट जारी भएको भए **बसाई सराई/विवाह दर्ता जस्ता कागजातहरु वा आफु सम्बन्धीत वडामा स्थायी बसोबास भएको प्रमाणीत हुने अन्य कागजातहरु** अनिवार्यरुपले पेश गर्नु पर्नेछ ।
५. निवेदक सहित परिवारका सम्पुर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था स्वदेश/विदेश/स्वरोजगार संकेत गर्नुपर्नेछ।
६. यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपशील बमोजिमको विवरण निवेदनको **बुंदा नं. २१** भन्दा तलको खाली ठाउँमा अनिवार्य रुपमा भराउनु पर्नेछ ।
देश............................... पासपोर्ट नं.........................
विदेशमा गरेको काम संग सम्वन्धित सीप..............................
११. निवेदनमा उल्लेखित सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयवाट प्रमाणित भएको निवेदन मात्र सुचिकृत गरिने छ ।

**थप जानकारीका लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्र बेल्टारमा सम्पर्क गर्न सकिने छ ।**

२०७७।०४।०६
अर्जुन बस्नेत
रोजगार संयोजक

(छाप: चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेल्टार, उदयपुर १ नं. प्रदेश नेपाल)

शिव प्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत